# आधारभूत जीवनयापन / VI. काम

यदि बसोवास योग्यता काम गर्न पाउने खालको छ र कामको किसिम बसोवास योग्यतामा तोकेको कुरासँग मेल खान्छ भने, जापानमा काम गर्न मिल्दछ ।

**काम खोजी दिने संस्था (काम खोजी दिने सेवाको लागि, दर्ता गराउनु पर्दछ)**

| | |
|---|---|
| हेल्लो वर्क सेन्दाई | मियागीनो-कु चुचुजीगावोका 4-2-3 सेन्दाई MT भवन 4F TEL : 022-299-8819<br>**【विदेशीका लागि रोजगार सेवा शाखा】**<br>चाइनिज भाषाको दोभाषे व्यवस्था समय : मंगलबार 10:00-16:00 (12:00-13:00 बाहेक)<br>अंग्रेजी भाषाको दोभाषे व्यवस्था समय : बिहिबार 10:00-16:00 (12:00-13:00 बाहेक)<br>＊सेवा उपलब्ध हुने बार र समय भने परिवर्तन हुने अवस्था पनि हुन्छ ।<br>इन्टरनेटबाट आफैले काम खोज्न पनि सकिन्छ । → https://www.hellowork.mhlw.go.jp/ |

तपाईंले ट्रेन स्टेशन वा सुपरमार्केटमा पाइने नि:शुल्क पम्पलेट हेरेर पनि काम खोज्न सक्नुहुनेछ ।

**【काम खोज्ने बेलामा धेरै प्रयोग हुने शब्दहरु】**

| | |
|---|---|
| स्यूरोउसिकाकु स्योउमेस्यो | जापानमा काम गर्न योग्य रहेको प्रमाणित गर्ने कागजात हो । |
| सिकाकुगाइ खाचुदोउ | आफ्नो बसोवास योग्यता बाहेकको काम गर्ने बेलामा,यो अनुमतिको आवश्यकता पर्दछ । विदेशी विद्यार्थीले पार्टटाइम काम गर्न पनि यो अनुमतिको आवश्यकता पर्दछ । विस्तृत रुपमा हेर्न पेज न. 6 |
| रिरेकीस्यो (स्यासिन चुकी) | यो चाहिँ शैक्षिक योग्यता वा कामको अनुभव आदि तथा आफ्नो अनुभव लेख्ने कागज (बायोडाटा) हो । आफुले काम गर्न चाहेको कम्पनी वा पसलमा पेश गर्नु पर्दछ । पार्टटाइम कामको लागि पनि यसको आवश्यकता पर्दछ ।<br>लेख्ने तरिका → https://www.tia.toyota.aichi.jp/jp-site/e-learning/<br>यहाँबाट हेर्न सकिन्छ ।<br>(टोयोटा निहोन्गो ई-लर्निङ्ग सिस्टम अं, चा, पोर्तुगाली, स्पेनी)<br>※ तपाईंले रिरेकिस्यो बाहेक, स्योकुमुकेइरेकिस्यो भनिने कागज आवस्यक पर्ने बेला पनि हुन सक्दछ । |
| स्योरुइ सेन्कोउ | कम्पनी वा पसलले, रिरेकिस्योलाई आधार बनाएर तपाईंलाई काममा लिने कि नलिने भनि निर्णय गरिने कुरालाई स्योरुइ सेन्कोउ भनिन्छ । |
| मेन्सेचु | कम्पनी वा पसलको मान्छे र तपाईं बीच भेट गरी, विभिन्न प्रश्नहरु सोधेर त्यसका आधारमा तपाईंलाई काममा लिने कि नलिने भनि निर्णय गर्दछ । त्यस बेलामा तपाईंको रिरेकिस्योलाई पनि आधार मानिन्छ । |

**विदेशी विद्यार्थीको लागिको काम खोज्ने गाईड**
JASSO (दोकुरिचु ग्योउसेइ होउजिन निहोन गाकुसेइसियेन किकोउ) द्वारा तयारी (जा, अं)
https://www.jasso.go.jp/ryugaku/after_study_j/job/guide.html